# दशरथचन्द नगरपालिकाको नगर बालबालिका सम्बन्धि रणनिति २०७५

प्रमाणीकरण मिति : २०७५।०६।२३

सामाजीक विकास शाखा

# नगर बालबालिका सम्बन्धि रणनिति २०७५

**पृष्ठभुमी**

बालबालिका हरुको सर्वोपरी विकास बाट मात्र नगरको समग्र विकास गर्न भन्ने तथ्यलाई आत्म सात गर्दै नेपालको संविधान २०७२ भाग ३ धारा र ३९ मा व्यवस्था भए अनुसार बालबालिका सम्बन्धि बन्ने कानुन सँग नबाझिने गरी मुलुकि देवानि (संहिता) ऐन २०७४ मा व्यवस्था भए अनुसार बालबालिका सम्बन्धि हक तथा बालअधिकार संरक्षण गर्न र स्थानिय तहमा विकासका गतिविधिहरुमा बालबालिकाहरुलाई केन्द्रमा राखि नगरपालिकाका सबै वडाहरुमा प्रभावकारी रुपमा कार्यान्वयन गर्न बालबालिका नगर रणनिति २०७५ तयार गरीएको छ ।

**विषय र प्रशगंले अर्को अर्थ नलागेमा यस रणनीतिमा,**

१. "बालबालिका" भन्नाले १८ वर्ष उमेर ननाघेका बालबालिकाहरुलोई सम्झनु पर्दछ ।
२. संविधान भन्नाले नेपालको संविधान २०७५ बमोजिम बालबालिका को हकलाई सम्झनु पर्दछ ।
३. " स्थानिय तह " भन्नाले दशरथचन्द नगरपालिका नगर कार्यपालिका लाई सम्झनु पर्छ ।
४. बालमैत्रि स्थानिय शासन भन्नाले, बाल बचाउ, बाल संरक्षण, बाल सहभागिता र बालबालिकाको सर्वोत्तम हित जस्ता बाल अधिकारका सवाललाई स्थानिय तहको निति, योजना र पद्धतिलाई सम्झनु पर्दछ ।
५. "बाल क्लब" भन्नाले बाल समुह, वडास्तरीय बालक्लब, नगरस्तरीय बालसञ्जाल, बालमञ्च सम्झनु पर्दछ ।
६. यो रणनिति २०७५ नगर कार्यपालिका बाट स्विकृत भई लागु गरिने छ र उक्त रणनिति लाई आगामि दिनमा बस्ने नगरसभाबाट अनुमोदन गरीने छ ।

**१. बाल अधिकार सम्बन्धी नीतिगत तथा कानुनी व्यवस्थाहरु :**

**क) बाल अधिकार र बाल सहभागिता का अन्तरराष्ट्रिय आधारहरु :**

सन् १९४५ मा संयुक्त राष्ट्र संघको स्थापना भएपछि सन् १९४८ मा आएको **मानव अधिकार सम्बन्धीविश्वव्यापी घोषणा पत्र १९४८** ले प्रत्येक मानिसको आफ्नो विचारको स्वतन्त्रता, सुचनाको पहुँच, संघ संस्था खोल्ने र संगठित हुने अर्थात आफु संग सरोकार राख्ने बिषयमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहभागी भै लाभ लिनुका साथै प्रभाव पार्ने अधिकार सुनिश्चित गरेको छ ।**सहभागितालाई मानव अधिकारको** आधारभुत सिद्धान्तको रुपमा यसले स्वीकार गरेको छ । भने अर्को तर्फ **बाल अधिकारलाई विशेष** अधिकारको रुपमा समेत स्थापित गरेको छ ।

साथै १९५९ मा संयुक्त राष्ट्र संघको महासभाले बालबालिकाहरुको अधिकार भनेर १० बुँदे घोषण पत्र जारी गरेको छ जसमा बालबालिकाहरुको बाँच्न पाउने, संरक्षण, विकास र सहभागिताको अधिकार जस्ता विषयहरुलाई समावेश गरेको छ । ३० बर्ष पछि अर्थात १९८९ को नोभेम्बर २० तारिखमा संयुक्त राष्ट्र संघको महासभाबाट पारित भएको बाल अधिकार सम्बन्धी अन्तरराष्ट्रिय महासन्धीले बाल सहभागितालाई एउटा मुख्य सिद्धान्त मानेको छ । **महासन्धीको धारा १२,१३,१४,१५ र १७**

नरेन्द्र सिंह थापा
नगर प्रमुख

माबालबालिका संग विचारको स्वतन्त्रता, विचारको कदर र प्राथमिकता इच्छा धर्म, संस्कृति र परम्परा मानने र भाग लिने एवं संघ सस्था खोली संगठित हुने अधिकारको व्यवस्था गरेको छ । यसलाई नेपालले सन् १९९० सेप्टेम्बर १४ मा अनुमोदन समेत गरि सकेको छ ।

**ख) बाल अधिकार र बाल सहभागिताका लागि राष्ट्रिय स्तरका नीतिगत तथा कानुनी व्यवस्थाहरु :**

बाल बालिकाहरुको अधिकार र उनिहरुको सहभागिताका कुरा गर्दा अन्तर्राष्ट्रिय मात्र नभई राष्ट्रिय स्तरका विभिन्न समयमा लागु भएका दस्तावेजहरु नियम, विनियम र नेपालको संविधान २०७२ को भाग भाग घ मा धारा ३९ र मुलुकि देवानि (संहिता) ऐन २०७४ को भाग ३ दफा ७० को उपदफा ( घ) बमोजिम २० वर्ष उमेर पुरा भएमा मात्र विवाह गर्न गराउन सम्बन्धि सबैमा जनचेतना फैलाउने ।

**ग)** बालबालिकाको हक हित र अधिकारलाई प्राथमिकताका साथ कार्यान्वयनमा ल्याउन अधिकारका मुख्य विषयहरु बाल बचाऊ, बाल संरक्षण, बाल विकास र अर्थपुर्ण सहभागिता अभिबृद्धिका लागि यी नीतिहरु स्पष्ट संग राखेको छ । जस्तै :

- आफ्नो धारणा बनाउन सक्षम बालबालिका तथा किशोर किशोरीहरुलाई निज सँग सम्बद्ध सबै विषयहरुमा आफ्नो बिचार अभिव्यक्त गर्न पाउने अवसर दिई बाल सहभागिता अभिवृद्धि गरिने छ ।
- बिना भेदभाव सबै किसिमंका बाल अधिकारहरु र आधारभुत स्वतन्त्रताको पुर्ण उपभोगको प्रत्याभुतिका लागि कानुनी एवं सस्थागत व्यवस्थालाई प्रभावकारी बनाइने छ ।
- बेचबिखनमा पुरेका बालबालिका, किशोर किशोरी, श्रमिक बालबालिका, हिंसामा परेका बालबालिका र महिलाहररुका लागि राहत, पुनः स्थापना, पारिवारिक पुर्नमिलन र कानुनी तथा मनोवैज्ञानिक परामर्श सेवाका कार्यक्रमहरु लागु गरिने छ ।
- बालबालिकाहरुको जन्म दर्तालाई अनिवार्य गरी प्रारम्भिक बालविकास प्रक्रियालाई व्यवस्थित गरिने छ ।
- गर्भावस्थामा शिशु र आमाको सुरक्षाका लागि पोषण समबन्धी कार्यक्रम गरिने छ ।
- सबै बालबालिकाहरुलाई आधारभुत शिक्षा प्रदान गरी तिनलाई विद्यालयमा टिकाई राख्न समुदाय, गै.स.स., शिक्षा शाखा र वडा संग सहकार्य गरी कार्यक्रमहरु संचालन गरिने छ ।
- बाल संरक्षण समिति, नगर स्तरीय बालमैत्रि समिति, वडा स्तरीय कार्यदल, बाल क्लब, बाल सञ्जालहरुलाई संचालन तथा परिचालनका लागि सहयोग पुऱ्याईने छ ।
- किशोरकिशोरीहरुका लागि जीवन उपयोगी सीप प्रदान गर्न सरकारी, तथा गैर सरकारी नीजि क्षेत्रलाई प्रदान गरिने छ ।

**ग)** नेपालको संविधान २०७२, मुलुकि देवानि (संहिता) ऐन २०७४ र बाल अधिकार र बाल सहभागिता का राष्ट्रिय रणनिति र अर्न्तराष्ट्रिय आधारहरुको परिधि भित्र रहि बाल बचाउ, बाल संरक्षण, बाल सहभागिता र बाल विकासको अवधारण लाई आत्मसात गरी ३९ वटा सुचक पुरा गर्न आवश्यक पहल गर्रनिछ ।

## २. नगरमा बालबालिकाहरुको सहभागिताको विद्यमान अवस्था विश्लेषण :

बालबालिकाहरुको संस्थागत संरचनाहरु र सहभागिताको हिसाबले दशरथचन्द नगरपालिकाको सवल पक्ष, अवसरहरु, सुधार गर्नु पर्ने पक्षहरु र चुनौतीहरुको अवस्था लाई विश्लेषण गरि संभाव्यताहरु पहिचान गरिएको छ ।

### सवल पक्षहरु

क) बालबालिकाहरुको अधिकारका क्षेत्रमा यस नगर पालिकामा युनिसेफ, स्थानीय विकास मन्त्रालय, सि.वि.स.ले सहकार्य गरिरहेको छ ।
ख)नगर स्तरीय बालमैत्री समन्वय समिति, वडा स्तरीय समन्वय समिति, वडा स्तरीय बाल क्लब, नगरस्तरीय बाल संजाल र प्रत्येक वडामा कार्यदल गठन गरिएको छ ।
ग)सरोकारवाला , राजनीतिक दलका प्रतिनिधी, नगर कार्यपालिका, बालमैत्री स्थानीय शासन अबलम्बन गर्न प्रतिवद्ध रहेका छन ।
घ)स्वास्थ्य व्यवस्थापन समिति, विद्यालय व्यवस्थापन समिति, वडा स्तरिय योजना तर्जुमा समितिहरुमा १ जना बालक र १ जना बालिका को सहभागिता परिपाटिको विकास हुदै गईरहेको छ ।
ङ)वडा स्तरीय बाल भेला र नगरस्तरिय बाल भेलामा बालबालिकाहरु बाट नै टिका बिधी र चित्र द्वारा समस्या पहिचान गरि वडास्तरिय योजना तर्जुमा समितिमा पठाउने परिपाटिको विकास भएको छ।
च)बाल क्लब,बाल संजाल गठन बालबालिकाहरु बाट नै गठन गर्ने गरिएको छ।
छ)यस दशरथचन्द नगरपालिका र वडाहरुमा बाल श्रमको अवस्थामा कमी आउदै गरेको छ ।
ज)नगरपालिकाका प्रत्येक विद्यालयहरुमा बालमैत्री शिक्षक फोकल प्रर्शन तोकिएका छन् ।
झ)यो नगरपालिका पुर्णखोप र खुला दिसामुक्त नगरपालिका घोषणा भईसकेको ।
ञ)बाल आचार संहिता निर्माण भई नगर परिषदबाट अनुमोदन गराई सकेको छ ।
ट)नगरपालिकाका प्रत्येक विद्यालयहरुमा बालमैत्रि शौचालय निर्माण्का लागि पहल भईरहेको ।

### कमजोर पक्षहरु

१ बाल बिवाह पुर्ण रुपमा न्युनीकरण हुन नसकेको ।
२ ५ वर्ष मुनिका बालबालिकाहरुको पुर्ण जन्म दर्ता हुन नसकेको ।
३ सरोकारवाला निकायहरुको सहयोग कमि ।
४ यातायात व्यवसायीहरुले बाल श्रम बढी प्रयोग गरेको ।
५ बालबालिका प्रति अझै वयष्कहरु जिम्मेवार नरहेको ।
६ एकिकृत योजनाहरुमा बालबालिकाहरुका योजना नसमेटिनु ।
७ बाल बिवाह न्युन गर्न शिक्षा तथा जनचेतनाको अभाव ।
८ सफा पिउने पानीको अभाव ।

९ पोषणयुक्त खाना बालबालिकामा नपुग्नु ।
१० मोबाईलको जथाभावि प्रयोगका कारण बालविवाह बढदो ।
११ बालबालिकाका अभिभावकहरुको परम्परागत शैलीमा नै लगानी गर्ने गरेको ।
१२ नगरपालिकाको ११ वटै वडाहरुमा बर्थिगं सेन्टर भएको तर सञ्चालनमा नआएको ।
१३ यस नगरपालिकाले प्रत्येक वडाहरुमा अभिमुखिकरण गोष्ठी गरिएता पनी बालबालिकाहरुका अभिभावहरु लाई बालअधिकार सम्बन्धी जनचेतना नहुनु ।
१४ आवधिक योजनामा नभएको ।
१५ अन्य निकायबाट हुने विकास निर्माणमा बालमैत्री योजना सम्बन्धी चाँसो नदेखिनु ।

**अवसरहरु :**

१ स्थानीय तह गठन भई अधिकाशं निर्वाचित पदाधिकारीहरु लाई बालअधिकार सम्बन्धि चेतना भएकाले बालमैत्रि स्थानिय शासन अवलम्बन गर्न सहज भएको ।
२ यस नगरपालिकाले आ.व. २०७५।०७६ को निति तथा कार्यक्रममा बालबालिका लाई समावेश गरेको ।
३ प्रत्येक वडामा बालअधिकारका क्षेत्रमा तदारुपताका साथ काम गर्न वडा अध्यक्षको संयोजकत्वमा कार्यदल गठन गरीएको ।
४ बालबालिकाहरुको क्षेत्रहरुमा काम गर्ने विकास साझेदारहरु जस्तै : युनिसेफ को आर्थिक प्राविधिक सहयोग निरन्तर पाईरहनु ।
५ बालमैत्रि घोषणाका लागि ३९ वटा सुचक हरु मध्ये २ वटा सुचक मात्र पुरा नहुनु ।

## ३. बालमैत्री नगरपालिकाको अवधारणाको लक्ष्य

१. दशरथचन्द नगरपालिकालाई बाल सहभागिता र बालमैत्री स्थानीय शासन कार्यविधीको कार्यान्वयन गरी यस नगरपाकिका ११ वटै वडाहरुलाई बालमैत्रि वडा घोषण गर्ने ।

## ४. बालमैत्री नगरपालिकाका उद्धेश्यहरु

यस नगरपालिकामा बालबालिकाहरुको चौतर्फी बिकास गरि उनीहरुको बाँच्न पाउने संरक्षण बिकास र सहभागिताको अधिकारलाई परिपुर्ति गर्न नगरले ८ बुँदे उद्देश्य लिएको छ ।

१ यस न.पा. का सबै वडाहरु, विद्यालय तहमा बाल क्लब र उनीहरुमा संस्थागत संरचनाको गठन गर्ने र उनीहरुको संस्थागत सहभागितालाई विद्यालय व्यवस्थापन समिति र स्वास्थ्य व्यवस्थापन समितिमा आमन्त्रित सदस्यको रुपमा सुनिश्चित गर्ने । (शिक्षा र स्वास्थ्यमा नया ऐन,कानुन परिवर्तन भएपछि उक्त ऐनमा व्यवस्था भए अनुसार बालबालिकाहरु समितिको सदस्यमा रहने छन्)
२ यसरी गठन भएका बाल क्लबहरु र संजालहरुको क्षमता अभिवृद्धि तालिमहरु संचालन गर्ने ।
३ नगरपालिकाका वडाहरुमा गठन भएका बाल क्लबको संस्थागत सहभागिता गराउने ।
४ बालबालिकाको क्षेत्रमा काम गर्ने सरकारी, गैर सरकारी र नीजि क्षेत्रबीच समन्वय र साझेदारीको विकास गरी बालमैत्री स्थानीय शासनको प्रर्वर्द्धनका लागि साझेदारहरु बीच आर्थिक तथा प्राविधिक सहयोग एवं सहकार्यको वातावरण सिर्जनागर्ने ।

५ नगरमा बालबालिकाहरुका सवालहरुमा काम गर्ने विकास साझेदारहरु र यो संग सम्बन्धीत प्रशिक्षकहरुको नेटवर्क तयार गरी परिचालन गर्ने ।
६ नगरपालिकामा कार्यरत विद्युतिय र छापा संचार माध्यमलाई परिचालन गर्नकालागि उनीहरुको विभिन्न क्षेत्रहरुको संजाल निर्माण गरी परिचालन गर्ने । जस्तै : वास (WASH) पत्रकार समुह शिक्षा पत्रकार समुह, शुसासन पत्रकार समुह, र संरक्षण पत्रकार समुह बनाउने र क्षमता बृद्धि सहित परिचालन गर्ने ।
७ वालवालिकाको लगानी योजना अद्यावधिक गर्ने ।
८ प्रत्येक वार्डमा वाल संरक्षण समिति गठन गरिने छ ।
९ बालकेन्द्रित जोखिम न्युनिकरण कार्यक्रम लागु गर्ने र न.पा.मा स्थानिय विपद तथा जलवायु उत्थानशिल सम्बन्धि जनचेतना फौलाउने ।
१० विद्यालयमा निर्माण हुने कक्षाकोठा, शौचालय तथा ठुला पुर्वाधारहरु भुकम्प प्रतिरोधि बनाउने ।

**५. बालमैत्री कार्यविधी २०६८ लागु गरिने कार्यक्षेत्र**

यस नगरपालिकाका सबै वडाहरु (११) मा कार्यक्रम लागु गरीनेछ ।

**६. कार्यक्रमका मुख्य साझेदार निकायहरु**

यो बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८ लाई यस नगरपालिकाले अभियान सहकार्य र साझेदारीको नमुनाको रुपमा अगाडी बढाएको छ ।
त्यसकारण यो अभियान नगरपालिकाको नेतृत्वमा सरोकारवाला निकाय ( प्रहरी ,प्रशासन ), न.पा. का विषयगत शाखाहरु, अर्न्तराष्ट्रिय गैरसरकारी संस्थाहरु, गैरसरकारी संस्थाहरु, दातृनिकायहरु, नीजि संघसंस्थाहरु, नागरिक समाज, समुदायमा आधारित सबै निकायहरु, सस्थांगत र सामुदायिक विद्यालयहरु, विद्यालय व्यवस्थापन समिति, स्वास्थ्य व्यवस्थापन समिति, पारालिगल समिति, आमा समुह, महिला सहकारी संस्थाहरु, बालक्लब र तिनका संजालहरुको सहभागिता र साझेदारिता रहने छ ।

**७. दशरथचन्द नगरपालिका नगर कार्यपालिकाको भुमिका**

- बालमैत्री स्थानीय शासन सम्बन्धी दीर्घकालिन नीति तथा कार्यक्रम बनाई आवधिक नगर योजनामा समावेश गराउने ।
- बालमैत्री स्थानीय शासन सम्बन्धी संचालित कार्यक्रमहरु समन्वयात्मक र एकीकृत ढंगबाट संचालन गर्ने गराउने ।
- यस नगरपालिकामा अन्य निकायहरुबाट संचालन भएका बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमहरुको सुपरिवेक्षण, अनुगमन तथा मुल्याकंन गर्ने गराउने ।
- बालमैत्री अवधारणालाई नगर व्यापी बनाएर लैजानको लागि नगर बालमैत्री रणनीति तयार गरी नगर कार्यपालिकाबाट प्रमाणिकरण गराई नगर सभाबाट समेत अनुमोदन गराई अनिवार्य रुपमा कार्यान्वयन गराउने ।

नरेन्द्र सिंह थापा
नगर प्रमुख

- नगर बालमैत्री स्थानीय शासनलाई लागु गर्नका लागि अनिवार्य रुपमा पुँजिगत रकमबाट न्युन्तम १५ प्रतिशत रकम विनियोजित गर्ने ।
- बालमैत्री स्थानीय शासनका प्रशिक्षकहरुको क्षमता वृद्धीको योजना बनाई काम गर्ने ।
- नगर स्तरमा बालमैत्री स्थानीय शासनका प्रशिक्षकहरुको संजाल तयार गरी नगर वडाहरुमा परिचालन गर्ने ।
- बालबालिकाको हक र अधिकारलाई सुनिश्चित गर्न बालअधिकारका मुख्य विषय बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल अर्थपुर्ण सहभागिता लाई कार्यान्वयन गर्नकालागि नगरपालिकामा स्थापित बालबालिका कोषलाई निरन्तरता दिने ।
- बालबालिका क्षेत्रमा काम गर्ने सरकारी निकाय गैरसरकारी संस्था, अन्तरराष्ट्रिय गैर सरकारी संस्था, अन्य सरकारी संस्थाहरुको दोहोरोपना आउन नदिन एक द्वार प्रणाली कायम गर्ने ।
- बालबालिकाहरुले स्थानीय स्तरमा उठाएका सवालहरुलाई प्राथमिकतासहित न्युन्तम १५ प्रतिशत रकम विनियोजन र खर्चको सवालहरुलाई सुनिश्चित गराउन स्थानीय स्तरको योजना तर्जुमा हुन पुर्व सबै वडाहरुमा बाल भेला गराउने ।
- बाल भेलाबाट आएका सवालहरुलाई प्राथमिकता सहित वडा सभा र नगर सभामा समावेश गर्ने ।
- सहभागिता मुलक नतिजामा आधारित योजना तर्जुमा कार्यान्वयन अनुगमन र प्रतिवेदन प्रणालीलाई संस्थागत र प्रभावकारी बनाउन नगर सभामा पेश गर्ने ।
- ११ वटै वडका वडा सचिव र प्रतिनिधि ज्यू हरुको क्षमता अविबृद्धिकालागि विभिन्न निकायहरुमा समन्वय गर्ने ।
- वडाहरुमा बालबालिकाहरुका सवालहरुलाई सहजिकरण गर्ने विषयमा वडा अध्यक्ष ज्यू र सचिवहरुलाई जिम्मेवार बनाउने ।
- यसको प्रभावकारिता र प्रगती समिक्षाको लागि नगरपालिकाले नगर सभामा सबै राजनीतिक दलहरु, विषयगत शाखाहरु, स्वास्थ्य, शिक्षा, खानेपानी, भेटनरी, भुसंरक्षण, घरेलु, महिला विकास र बाल कल्याण समिति र विकास साझेदार सहितको सहभागितामा समिक्षा गर्नेछ र विभिन्न निकायहरुको सहयोगमा संचालित बालमैत्री स्थानीय शासन पद्धती बीचमा एकरुपताका लागि मार्ग निर्देश गर्नेछ ।
- दशरथचन्द नगरपालिकामा रहेका प्रत्येक विद्यालयमा सुझाव पेटिका राखिने ।

**विषयगत शाखाहरुको भुमिका**

**क. द.न.पा. शिक्षा शाखाको भुमिका**

- बालबालिकाहरुको विकासको अधिकार सुनिश्चित गर्न शिक्षा शाखाको नेतृत्वमा नगरका सबै विद्यालयहरुमा बाल क्लबहरु गठन गर्ने र एक जना शिक्षकलाई बाल क्लबको संरक्षक तोकि अनुगमन र कार्यक्रमलाई निरन्तरता दिने ।
- सबै विद्यालयहरुमा बालमैत्री शिक्षण सिकाई साझेदारहरु संग मिलि शिक्षाको एकिकृत नगर योजना बनाउने ।

नरेन्द्र सिंह थापा
नगर प्रमुख

- विद्यालय जान नसक्ने र बीचैमा कक्षा छोडने बालबालिकाहरुलाई विद्यालय शिक्षा उपलब्ध गराउने योजना तयार गरी कार्यान्वयन गर्ने गराउने ।
- शिक्षा ईकाई मार्फत निर्माण हुने भौतिक पुर्वाधारहरुलाई बालमैत्री र जेण्डरमैत्री बनाउने ।
- बालविकास केन्द्रहरुको कोटा वितरण गर्दा समन्वयमा गर्ने र अनिवार्य रुपमा एक वडा एक बालविकास केन्द्र समुदाय स्तरमा रहने व्यवस्था सुनिश्चित गर्ने ।
- बाल विकास केन्द्रभवन निर्माण जस्ता क्रियाकलापका लागि स्थानीय तहको योजनामा समावेश गराउने ।
- विद्यालयगत रुपमा बालबालिकाहरुको तथ्याकं सार्वजनिक गर्ने ।
- विद्यालयको शिक्षण सिकाई प्रकृया, अतिरिक्त क्रियाकलाप संचालन, वार्षिक कार्ययोजना निर्माण तथा कार्यान्वयन र मुल्याकंनमा विभिन्न उमेर समुह, क्षमता र परिस्थितिका बालबालिकाको अर्थपुर्ण सहभागिता सुनिश्चित गर्ने र गराउने विषयहरुमा कक्षा शिक्षकहरु र श्रोत व्यक्तिहरुको क्षमता अभिबृद्धि गर्ने ।
- विद्यालय स्तरमा गठित बाल क्लबहरु र संरक्षक शिक्षकहरुको क्षमता अभिवृद्धिका लागि विकास साझेदारहरु (जसले ति वडाहरुमा काम गरिरहेका छन्) उनीहरु संग समन्वय गरी उनीहरुको आर्थिक र प्राविधिक सहयोगमा गर्ने व्यवस्था मिलाउने र बिस्तारै शिक्षाको नियमित रुपमा संचालन हुने तालिममा मुल प्रवाहीकरण गरेर लैजाने ।
- विद्यालय व्यवस्थापन तथा संचाल्नका निम्ति गठन हुने सबै समुह तथा समितिहरुमा बालबालिकाहरुको संस्थागत तवरबाट अर्थपुर्ण सहभागितालाई अनिवार्य गराउने ।
- जिल्ला शिक्षा ईकाई कार्यालयमा बालमैत्री फोकल प्रर्शन र फोकल डेस्क स्थापना गर्ने ।
- बालमैत्री स्थानीय शासन सम्बन्धी शिक्षा क्षेत्रमा भएका कार्यको अनुगमन र मुल्याकंन गर्ने, गराउने ।

**ख. द.न.पा.स्वास्थ्य शाखाको भुमिका**

- बालबालिकाहरुको बाँच्न पाउने अधिकारलाई सुनिश्चित गर्न स्वास्थ्य तथा जनसंख्या सम्बन्धी नीति योजना तथा कार्याक्रमहरुलाई नगरको अवस्था हेरेर बालमैत्री बनाउने ।
- गर्भवती महिला एवं बालबालिकाहरुको स्वास्थ्य सम्बन्धी सेवालाई बालमैत्री बनाउने ।
- बालबालिकाको आधारभुत स्वास्थ्य प्रवर्द्धनको लागि संचालन गरिने योजना तथा कार्यक्रमलाई बालमैत्री बनाउने र पुर्ण खोप लाई निरन्तरता दिने र पुर्ण संस्थागत सुत्केरी नगर घोषणा गर्न कार्यक्रम संचालन गर्ने ।
- बाल अधिकार महासन्धिमा भएका स्वास्थ्य सम्बन्धी विषयहरुको कार्यान्वयन गर्ने गराउने ।
- बालमैत्री स्थानीय शासन पद्धतिको विकास गर्न स्थानीय निकायलाई सघाउने ।
- बालबालिकाहरुको स्वास्थ्य व्यवस्थापन समितिमा आमन्त्रित सदस्य रहने व्यवस्था का लागि सबै वडा स्तरीय स्वास्थ्य संस्थाहरुमा परिपत्र गरी सो को सुनिश्चितता गर्ने ।
- नगरक्षेत्रमा पोषण तथा स्वास्थ्य चौकीहरुमा सरसफाई तथा बर्थिगं सेन्टरको व्यवस्था गर्ने ।

**ग. द.न.पा महिला तथा बालबालिका शाखाको भुमीका**

नरेन्द्र सिंह थापा
नगर प्रमुख

- बाल अधिकार महासन्धि लगायत अन्य सन्धिसम्झैताहरुको स्थानीय स्तरमा कार्यान्वयन गर्ने गराउने ।
- बालमैत्री स्थानीय शासन पद्धतिको प्रर्वद्धन तथा प्रोत्साहनका मातहतका समुहहरुको बजेट तथा कार्यक्रम बालमैत्री भए नभएको लेखाजोख गर्ने ।
- बालमैत्री स्थानीय शासन समबन्धी महिला तथा बालबालिकाहरुको क्षेत्रमा भएका कार्यहरुको अनुगमन र मुल्याकंन गर्ने, गराउने ।

**घ. खानेपानी तथा सरसफाई डिभिजन कार्यालयको भुमिका**

- खानेपानिका लागि निर्माण गरिने भौतिक पुर्वाधारहरु बालमैत्री अनुरुप बनाउने ।
- समुदाय स्तरमा संचालन गर्ने खानेपानी, स्वास्थ्य तथा सरसफाईका विषयहरुमा बाल क्लबहरुको क्षमता बृद्धि गर्ने । यसरी बाल क्लबहरुलाई परिचालन गर्दा नयाँ बाल क्लबहरुको गठन गरी विद्यालय तथा समुदायमा भएकै बालक्लबहरुलाई क्षमता बृद्धि गरि परिचालन गर्ने ।
- खानेपानी तथा सुपरिवेक्षण कार्यालयमा बालमैत्री फोकल प्रर्शन तोकी फोकल डेस्कको व्यवस्था गर्ने ।
- खानेपानी उपभोक्ता समितिहरुको गठन र तालिमहरुमा बालमैत्री पुर्वाधारहरुको बारेमा जानकारी गराउने र धाराहरुको निर्माण गर्दा बालमैत्री धाराहरुको निर्माण गर्ने र सरसफाईमा पुर्ण ध्यान दिने ।
- प्रत्येक विद्यालयमा हयान्ड WASH को व्यवस्था गर्ने ।

**बाल सहभागिताका सवालहरुलाई अगाडी लैजाने नीति :**

- बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता जस्ता बाल अधिकारका चार आयामहरुलाई नगरव्यापी बनाएर लैजान नगरमा भएका विद्यमान अवसरहरुलाई पहिलो प्राथमिकतामा राखेर काम गर्न निम्न उल्लेखित सात बुँदे नीतिहरु अवलम्वन गरिने छ ।

१ नगरका विद्यालयहरुमा बाल क्लबहरु गठन गरी वडा स्तरमा रहेका संजालहरुलाई निरन्तरता दिने ।
२ बाल क्लबहरुको क्षमता बृद्धिका लागि स्थानीय निकायहरु र विकास साझेदारहरुको आर्थिक र प्राविधिक सहयोग समेत लिईने छ ।
३ स्वास्थ्य व्यवस्थापन समितिहरुमा बालबालिकाहरुको संस्थागत सहभागिताका लागि स्वास्थ्य शाखाको समन्वयमा सबै स्वास्थ्य संस्थाहरुमा निरन्तरता दिने ।
४ बालबालिकाहरुको सहभागिताको सुनिश्चितता नगर स्तरिय बालमैत्री स्थानीय शासन समिति र जिल्ला बालमैत्री स्थानीय शासन समितिको बैठकमा गरिने छ ।
५ विद्यालयहरुमा, समुदायहरुमा र वडामा गठित बाल क्लबहरुको तथ्याकंलाई नगरमा अद्यावधिक गर्ने छ ।

६ उनीहरुको अर्थपुर्ण र संस्थागत सहभागितालाई सबै वडाहरुमा , नगर स्तरीय बालमैत्री समिति, विद्यालय व्यवस्थापन समिति र स्वास्थ्य व्यवस्थापन समितिमा सुनिश्चित गरिने छ ।
७ सहयोगी निकायको प्राविधिक सहयोगमा बाल क्लबहरुको अद्यावधिक तथ्याक सहित बालबालिकाहरुको स्थिति पत्र बार्षिक रुपमा प्रकाशन गरिने छ ।

## ८. बालमैत्री स्थानीय शासन कार्यविधि कार्यान्वयनको अवस्था

**बालमैत्री स्थानीय शासन कार्यविधि अवलम्बनको हाल सम्मको अवस्था :**

दशरथचन्द नगरपालिकामा बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८ को अवस्थालाई हेर्दा २०६९।२०७० देखी नै पहिलो पटक संघिय मामिला तथा स्थानीय शासन मन्त्रालयको नेतृत्वमा नगर स्तरका सरोकारवालाहरुलाई बालमैत्री स्थानीय शासन पद्धती सम्बन्धी २ दिने अनुशिक्षण दिइएको भएता पनी २ वर्ष जती यस नगरपालिकाले कार्यक्रम अगाडी बढाउन नसकेको अवस्थामा आ.व. २०७१।२०७२ देखी युनिसेफ क्षेत्रीय कार्यालय नेपालगंजको सहयोगमा वडास्तरीय बालमैत्री समन्वय समिति, बाल क्लब, नगर स्तरीय राजनीतिक दल का प्रतिनिधीहरु,सरोकारवाला निकायलाई बालमैत्री स्थानीय शासन पद्धती सम्बन्धी दुई दिने अनुशिक्षण गरी केही वडाहरुलाई बालमैत्री वडा घोषणा गर्ने । नगरस्तरीय बालमैत्री समन्वय समितिको निर्णय भएता पनि २०७१ को नगर परिषदको निर्णय अनुसार यस नगरपालिका लाई पाँच वर्ष भित्र बालमैत्री नगरपालिका घोषणा गर्ने निर्णय भएतापनि बालमैत्रि घोषणाका लागि निर्धारित गरिएका ३९ वटा सुचकहरु मध्ये बालविवाहको सुचक जन्मदर्ताको सुचक बालश्रमको सुचकको अवस्था कमजोर रहेकाले उक्त सुचक पुरा गर्न र स्थानिय निकाय पुर्नसंरचना भई नेपालको संविधान २०७२ ले स्थानिय तहको व्यवस्था गरेकोले केहि तत्कालिन गा.वि.स.हरु यस न.पा.मा थपिएकाले बालमैत्रि घोषणा गर्न अप्ठ्यारो परेको ।

## ९. बालमैत्री नगरपालिका अवलम्बन गर्न आगामी रणनीति

१ द.न.पा. सरोकारवाला शाखा शिक्षा, स्वास्थ्य, महिला तथा बालबालिका र खानेपानी तथा सरसफाई कार्यालय संग समन्वय गरी स्वास्थ्य शिक्षा खानेपानी तथा सरसफाईमा बालबालिकाको पहुँच कम भएका वडाहरुमा अबिलम्ब कार्यान्वयन गरिने छ ।
२ यस नगरपालिकाले विगतमा जारी गरीएका बाल आचार संहिता, बालकोष निर्देशिका हरुलाई नगर सभाबाट परिमार्जित सहित अनुमोदन गराई लागु गराईनेछ ।
३ यस नगरपालिकामा पाँच वर्ष मुनिका बालबालिकाहरुको जन्म दर्ता धैरै न्युन रहेकोले वडा अध्यक्ष ज्यू संग समन्वय गरी अभियान्त्र सञ्चालन गरीनेछ ।
४ आ.व. २०७६।२०७७ सम्म एकिकृत नगर आवधिक योजना तयार गरिने छ ।
५ प्रत्येक वडामा बाल क्लब व्यवस्थापन गरिने छ ।
६ बाल विवाह न्युनीकरण गर्न विहेवारी २० वर्ष पारी भन्ने नारालाई घरदैलोमा पुऱ्याईनेछ ।
७ नगर पालिकाका क्षेत्रमा बन्ने विकास योजनाहरु जस्तैः घोरेटो बाटो, खानेपानी धारा, विद्यालय, खेलमैदान आदि सबै बालमैत्री बनाउन वडा कार्यालयसंग समन्वय गरी कार्यान्वयन गरिने छ ।
८ यस क्षेत्रमा रहेका छाउपडी लाई जनचेतना मुलक कार्यक्रम द्वारा न्युन गरिने छ ।

९ यस नगरपालिकाका सबै विद्यालय व्यवस्थापन समितिमा एक जना बालक र एक जना बालिका सहभागी भई विद्यालय व्यवस्थापन समिति कार्यान्वयनमा हुनेछन ।

१० स्थानीय निकायहरु सरकारी कार्यालयहरु र साझेदारहरुबाट निर्माण हुने खानेपानी योजनाहरु, शौचालयहरु, विद्यालय भवनहरु बाल विकास केन्द्रहरुलाई बालमैत्री ढाचाँ अनुरुप बनाई छ ।

११ विभिन्न निकायहरुको सहयोगमा संचालित बालमैत्री स्थानीय शासन कार्यक्रमको प्रभावकारिता र प्रगती समिक्षाको लागि नगरपालिकाले सबै विषयगत शाखाहरु स्वास्थ्य; शिक्षा, खानेपानी, कृषि, भेटनरी, महिला विकास र विकास साझेदार सहितको सहभागितामा समिक्षा गरिने छ र कार्यक्रमका बीचमा एकरुपता ल्याइने छ ।

१२ प्रत्येक वडमहरुमा बालपार्क निर्माणको लागि पहल गरीनेछ ।

१३ सबै सरकारी तथा विकास साझेदारहरुबाट संचालन गरिने बालबालिकाहरुलाई प्रत्यक्ष फाईदा हुने योजनाहरु र क्रियाकलापहरुलाई बालमैत्री बनाउन जिम्मेवार गराईने छ । जस्तै बालमैत्री शिक्षण सिकाई विद्यालयहरु, बालमैत्री धारा, शौचालय र बालपार्क र मनारञ्जन स्थलका लागि आवश्यक पहल गरीनेछ ।

## १०. बालमैत्री स्थानीय शासन र बाल सहभागिताको लागि क्षमता विकासः

यस अभियानलाई पुर्णता दिनका लागि नगरमा क्रियाशिल साझेदार संघसंस्थाहरु र कार्यक्रम संचालन गरिने क्षेत्रका सरोकारवाला संस्था र उपभोक्ताहरुको क्षमता विकास अति आवश्यक हुने हुदा निम्नानुसारका क्षमता विकासका मुख्य क्रियाकलापहरु संचालन गरिने छ ।

१ नगर स्तरका राजनीतिक दल, नगर स्तरिय बालमैत्री स्थानीय शासन समन्वय समिति र पहिचान गरिएका संघ संस्थाहरु संग CFLG सम्वन्धि अभिमुखिकरण कार्यक्रम लाई निरन्तरता दिईने छ ।

२ नगरका बालमैत्री स्थानीय शासन समन्वय समितिका पदाधिकारीहरु राजनीतिक दलका प्रतिनिधीहरु, निर्वाचित प्रतिनिधिहरु, शिक्षकहरु, स्थानीय संस्थाका प्रतिनिधीहरु र विकास साझेदारहरुलाई बालमैत्री बाल भेला र सहभागिता जस्ता विषयहरुमा क्षमता विकासका तालिमलाई निरन्तरता दिईने ।

३ विषय क्षेत्र अनुसारका पत्रकार समुहलाई क्षमता अभिवृद्धि तालिम दिईने छ ।

४ बाल क्लबको लागि नेतृत्व विकास, जिवन उपयोगी सीप, स्थानीय स्तरको योजना छनौट प्रक्रिया आदि सम्बन्धी तालिमलाई निरन्तरता दिईने छ ।

५ अवलोकन भ्रमण, बालविवाह, जन्म दर्ता, बाल श्रम सम्बन्धी विशेष कार्यक्रम तथा जनचेतना संचालन गरिने छ ।

## संचार पैरवी र जनचेतना

कार्यक्रमको मुख्य आधार जनचेतना,सोचाई र व्यवहारमा परिवर्तन भएकोले यसका लागि पैरवी प्रचार प्रसारका लागि स्थानीय तथा जिल्ला तहका संचार माध्यमहरुको परिचालन गर्नका साथै तल उल्लेखित कुराहरुलाई कार्यान्वयन गरिने छ ।

१ सरोकारवाला निकाय र विद्यालयमा फोकल प्रशन सहित बालमैत्री डेस्कलाई निरन्तरता दिईने छ ।
२ सबै वडा हरुमा बालमैत्री सुचकमा आधारित सुचना पाटीहरु राखिने छ र त्रैमासिक रुपमा यसलाई अद्यावधिक गरिनुका साथै यि सुचनाहरुलाई वडा स्तरीय योजना तर्जुमाका लागि प्रयोग गरिने छ ।
३ स्थानीय तहमा गोष्ठि, अभिमुखिकरण, लोक गीत, र्‍याली, सडक नाटक, घरधुरी भ्रमण जस्ता कार्यक्रमको माध्यमबाट समुदायमा बाल सहभागिता जस्ता विषयमा जागरुक गरिने छ ।
४ नगर कार्यपालिका मार्फत नगरमा भएका विषय क्षेत्र अनुसारका पत्रिका तथा एफ एम मार्फत संचार समन्वय र सहयोग पुर्‍याइने छ ।

## ११. नीतिगत एकरुपता

१ बालबालिहाहरुको अर्थपुर्ण सहभागिता र बालमैत्री स्थानीय शासन अवलम्बनका लागि नगरको नीतिमा एकरुपता कायम गरिने छ ।
२ नगर र वडा तह सम्म बालमैत्री राष्टिय रणनीति अनुसारका समिति, कार्यदल गठन गरी सकेका र यसलाई पुर्न गठन तथा निरन्तरता दिईने छ ।
३ विषयगत सुचकहरुको परिपुर्ति गर्नका लागि विषयगत शाखाहरुलाई बढी जिम्मेवार बनाई छ ।
४ महिला र बालबालिकाहरुको अर्थपुर्ण सहभागिता सुनिश्चित गरिने छ जसका लागि कार्यक्रम संचालन गर्न गठन भएका समितिहरुमा बालबालिकाको प्रतिनिधित्व गरिने छ । यस्ता सबै समितिहरु समावेशीताको आधारमा गठन गरिनछ ।
५ सबै क्षेत्र र पक्षको सहभागिता रहने गरी बालमैत्री स्थानीय शासन प्रर्वद्धनका लागि नगरमा प्रशिक्षकहरुको छनौट गरी तालिम दिईने छ र सम्बन्धित वडाहरुमा परिचालन गरिने छ ।

## १२. बालमैत्री अवलम्बनका तहहरु

बालमैत्री स्थानीय शासन कार्यविधिमा उल्लेख भए अनुसार बालमैत्री अवलम्वनका लागि ६ तहहरु र घोषणा सम्मका लागि जम्मा १६ वटा तहहरु पुरा गर्ने व्यवस्था उल्लेख गरेको छ ।
१६ वटै तहहरुमा गर्न अनिवार्य रुपमा सबै वडाहरुमा अवलम्बन गरिने छ ।

१. बालमैत्री स्थानीय शासन प्रर्वद्धन कार्ययोजना तर्जुमा ।
२. नगर सभाबाट बालमैत्री स्थानीय शासन अवलम्बन गर्ने निर्णय ।

## १३. पुरष्कार र कदर

बालमैत्री स्थानीय शासन अवलम्बन गरिएका वडा मध्ये समयमानै बालमैत्री सुचकहरु पुरा गरी बालमैत्री वडा घोषणा गर्ने वडास्तरिय वालमैत्री समन्वय समिति, वडा समिति, वाल क्लव, तथा सहयोग गर्ने व्यक्तिहरुलाई प्रोत्साहन स्वरुप कदर पत्रको व्यवस्था गरिने छ ।

१४) बालमैत्री स्थानीय शासन कार्यविधि २०६८ मा व्यवस्था भए अनुसार सेवा प्रवाह र संस्थागत सुचकहरु

१. सेवागत सुचकहरु

क. बाल बचाउ

१ ६ महिना सम्मको शिशु लाई आमाले अनिवार्य रुपमा पुर्ण स्तनपान गरेका (आमाको दुध मात्रै खुवाउने) हुनेछन् ।

२ १ वर्ष भित्रका प्रत्येक बालबालिकाको पुर्ण रुपमा खोप -डिपिटि, हेपाटाईटिस बी, हिप ३) पाएका हुने छन ।

३ १ देखि ५ वर्ष सम्मका बालबालिकाहरुले वर्षको दुई पटक भिटामिन ए क्याप्सुल खाएका हुनेछन ।

४ गर्भवती महिलाले दक्ष स्वास्थ्य कर्मीबाट सुत्केरी गराएका हुनेछन ।

५ गर्भवती महिलाले कम्तीमा प्रसुति पुर्व चार पटक रप्रसुति पश्चात आमा र नवजात शिशुको कम्तीमा ३ पटक स्वास्थय जाच गराएका हुनेछन।

६ गर्भवती महिलाले टिटानस बिरुद्धको खोप लगाएका हुनेछन ।

७ गर्भवती तथा सुत्केरी आमाहरुले आईरन चक्की जम्मा २२५ वटा खाएका हसनेछन ।

८ एच आइ भी संक्रमित आमाबाट जन्मेका सबै बालबालिकाहरुले पाएका हुनेछन ।

९ सबै घरधरीमा पिउनेयाग्य खानेपानीको व्यवस्था हुनेछ ।

१० चर्पी गएपछि खाना खानु अगाडी र बालबालिकाको दिशा धोए पछि साबुन पानीले हात धुने परिपाटीको विकास भएको हुनेछ ।

ख) बाल संरक्षण

१ पाँच वर्ष मनिका सबैबालबाखिकाको जनम दर्ता भएको हुने छ ।

२ बाल विवाहको संख्यामा कमी आएको हसने छ ।

३ निकृष्ट प्रकारको बाल श्रम दर घटेको हुनेछ ।

४ घर परिवार र समुदायबाट बालबालिका बिरुद्ध हुने हिसां, बेचबिखन, शोषण, दरव्यहार जस्ता घरेलु हिसां क मगर्ने कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याईएको हुनेछ ।

५ बाल संरक्षण सम्बन्धी समुदायमा आधारित बाल संरक्षण प्रणालीलाई संचालनमा ल्याईएको हुनेछ ।

ग) बाल विकास

१ ४ वर्ष सम्मका बालबालिकाहरु प्रारम्भिक बाल विकास कक्षामा भर्ना भएका हसनेछन ।

२ कक्षा १ को लागि विद्यालय जाने उमेर समुहका सत प्रतिशत बालबालिकाहरु विद्यालय भर्ना भएका हुनेछन ।

३ ५ देखि १२ वर्ष उमेर समुहका बालबालिकाको आंरभुत शिक्षा १ देखि कक्षा ८ सम्म पाएका हुनेछन ।

४ औपचारिक शिक्षाबाट बञ्चित बालबालिकाको लागि अनौपचारिक शिक्षा प्राप्त गर्ने व्यवस्था भएको हुनेछ ।

५ प्रत्येक विद्यालयमा अतिरिक्त क्रियाकलाप सम्बन्धी कार्यक्रम संचालन भएको हसनेछ ।

घ) बाल सहभागिता

१ स्थानीय निकायको निर्णय प्रक्रियामा १२ देखि १८ वर्षसम्मका बालबालिकाहरुको संस्थागत सहभागिताको संयन्त्र विकास भै सकेको र यसलाई निरन्तरता दिईने छ ।

२ स्थानीय निकायले संचालन गर्ने योजनामा बालबालिकाको योजना तथा कार्यक्रम समेटिएको हुनेछ ।

३ विद्यालय व्यवस्थापन समितिमा संस्थागत तवरबाट बालबालिकाको आवाज सुनिने व्यवस्था सुनिश्चित भएको हुनेछ ।

४ स्वास्थ्य व्यवस्थापन समितिमा बाल क्लवको प्रतिनिधित्व हुनेछ,

५ गाँउ विकास समितिको हकमा हरेक गाँउ विकास समितिमा बालक्लवको सञ्जाल र नगरपालिकाको हकमा नगरपालिकाको प्रत्येक वडामा बाल समूह गठन भै क्रियाशील रहेको हुनेछ,

६ जिल्ला र नगर तहमा बाल संजाल गठन भएको हुनेछ ।

**संस्थागत विकास सम्बन्धी सूचकहरु :**

१ स्थानीय निकायको परिषद् नियमित रुपमा संचालन भएको हुनेछ,

२ स्थानीय निकायहरुले आफ्नो लागि बालमैत्री व्यवहार, आचार संहिता, विनियम, निर्देशिका तथा कार्यविधिहरु तर्जुमा गरी पूर्ण रुपमा कार्यान्वयनमा ल्याएका हुनेछन्,

३ स्थानीय निकायमा बालमैत्री स्थानीय शासन प्रवर्द्धन समिति गठन भएको हुनेछ,

४ स्थानीय विद्यालयहरुमा विद्यालय व्यवस्थापन समिति क्रियाशील रहनेछन्,

५ स्थानीय स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य व्यवस्थापन समिति क्रियाशील रहनेछन्,

६ स्थानीयस्तरमा बाल विकास केन्द्र, बाल कक्षा तथा पूर्व प्राथमिक कक्षाहरु संचालन भएका हुनेछन्,

७ स्थानीयस्तरमा बाल क्लवहरुको सक्रियता रहनेछ,

८ स्थानीयस्तरमा प्यारालिगल समिति जस्ता महिला समूहहरुको सक्रियता रहनेछ र यस्ता समितिहरु बाल अधिकार संरक्षण र सम्वर्द्धनमा क्रियाशील रहनेछन्,

९ स्थानीय स्तरमा बाल संजाल विकास भएको हुनेछ र जिल्लास्तर सम्म उनीहरुको प्रतिनिधित्व रहनेछ,

१० बालबालिकाका लागि स्थानीय विकास योजना र लगानी योजना तर्जुमा भै कार्यान्वयन भएको हुनेछ,

११ नगर योजनामा बालबालिकाकासंग सम्बन्धित योजना तथा कार्यक्रम समेटी एकीकृत नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन भएको हुनेछ,

१२ बाल बालिका सम्बन्धी स्थितीपत्र तयारी तथा प्रकाशन र अद्यावधिक भएको हुनेछ ।

१५. बालमैत्री स्थानीय शासन कार्यविधि २०६८ मा व्यवस्था भए अनुसार बाल मैत्री वडा समिति

बालमैत्री स्थानीय शासनलाई जगरस्तरमा समन्वयात्मक ढंग बाट प्रवर्द्धन गर्ने प्रयोजनका लागि बालमैत्री स्थानीय शासन वडा र नगर समिति तथा विशेष कार्यदल गठन गरीनेछ ।

वडा समिति :

१ वडा अध्यक्ष -संयोजक

नरेन्द्र सिंह थापा, नगर प्रमुख

२ वडा सदस्य(सबै) -सदस्य
३ वडाले मनोनयन गरेको स्वास्थ्य संस्थाका प्रमुख वा प्रतिनिधि -सदस्य
४ वडामा रहेका विद्यालयहरुका शिक्षक प्रतिनिधि मध्ये बाट १ जनामहिला र १ जना पुरुष(२ जना) -सदस्य
५ वडामा रहेका महिला स्वंयम सेविकाहरु मध्येबाट १ जना -सदस्य
६ वडा स्तरीय बालक्लब बाट १ बालक र १ बालिका (२ जना) -सदस्य
७ वडामा रहेका महिला समुह बाट वडा समितिले मनोनयन गरेको १ जना -सदस्य
८ वडा सचिव – सदस्य सचिव

## नगर स्तरीय बालमैत्रि समन्वय समिति

१ नगर उपप्रमुख -संयोजक
२ प्रमुख प्रशासकिय अधिकृत -उप-संयोजक
३ स्वास्थ्य तथा सामाजिक विकास शाखा प्रमुख -सदस्य
४ शिक्षा शाखा प्रमुख वा प्रमुखले तोकेको प्रतिनिधि -सदस्य
५ गैसस महासंघ जिल्ला शाखाको प्रतिनिधि -सदस्य
६ उद्योग वाणिज्य संघको प्रतिनिधि -सदस्य
७ नगरस्तरीय बाल सञ्जाल बाट २ जना प्रतिनिधि(१ जना बालक र १ जना बालिका) -सदस्य
८ महिला र बालबालिकाको क्षेत्रमा काम गर्ने सामुदायिक संस्था वा समुह नगरपालिकाले तोकेको मध्येबाट १ जना महिला प्रतिनिधि -सदस्य
९ महिला तथा बालबालिका उपशाखाका प्रतिनिधि -सदस्य
१० नगर कार्यपालिका बाट नगर प्रमुखले तोकेको १ जना दलित प्रतिनिधि -सदस्य
११ नगर कार्यपालिका बाट नगर प्रमुखले तोकेको १ जना महिला प्रतिनिधि -सदस्य
१२ नगर प्रमुखले तोकेको १ जना प्रतिनिधि -सदस्य सचिव

कार्यदल :

वडा स्तरीय कार्यदल :

१ वडा अध्यक्ष वा वडा समितिले तोकेको वडा सदस्य मध्येबाट - अध्यक्ष
२ स्वास्थ्य संस्था वडामा रहेका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष (सबै) -सदस्य
३ वडा सदस्य (सबै) -सदस्य
४ महिला संयम सेविका हरुमध्ये बाट ३ जना प्रतिनिधि -सदस्य
५ बालक्लब बाट २ जना -सदस्य
६ महिला, दलित, जनजाति, समाजसेवि, वडा स्तरीय राजनितिक दल हरु बाट वडा समितिले मनोनयन गरेका ५ जना प्रतिनिधि -सदस्य